का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० कात्तिक २०८१,
शुक्रबार
15 November, 2024
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक २६६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## उपचुनाव

# तालमेल गर्दै विपक्षी

**विपक्षी दलहरु माओवादी, रास्वपा, एकीकृत समाजवादी, विप्लव नेतृत्वको नेकपाबीच स्थानीय तहको उपनिर्वाचनमा चुनावी तालमेलको प्रयास भएको हो ।**









**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २९ कात्तिक ।

विपक्षी दलहरू स्थानीय तहको उपनिर्वाचनमा तालमेलको प्रयासमा लागेका छन् । आगामी मंसिर १६ गते स्थानीय तहका रिक्त विभिन्न ४४ पदका लागि उपनिर्वाचन हुँदैछ। ४४ मध्ये कति स्थानमा तालमेल गर्न सकिन्छ भनेर विपक्षी दलहरू आन्तरिक छलफलमा जुटेका छन्। प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादी, विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीबीच स्थानीय तहको उपनिर्वाचनमा चुनावी तालमेलको प्रयास भएको हो ।

माओवादी केन्द्रले सत्तारुढ बाहेकका दलसँग तालमेल गर्ने नीति अख्तियार गरेको छ। माओवादी केन्द्रले सत्तारुढ कांग्रेस र एमाले बाहेकका दलसँग चुनावी गठबन्धन गर्न मातहतका पार्टी कमिटीलाई सर्कुलर नै गरेको छ। स्थानीय तहको उपनिर्वाचनका लागि एकलरूपमा चुनाव लड्ने तयारी गर्ने, यसका साथै सत्तारुढ दलबाहेकका वाम देशभक्त दलहरूसँग सहकार्यलाई अगाडि पहल बढाउने व्यहोरा परिपत्रका उल्लेख छ। माओवादीको सर्कुलरले समाजवादी मोर्चामा अबद्ध रहेका माओवादीसहित नेकपा एकीकृत समाजवादी, विप्लव नेतृत्वको नेकपा र महेन्द्रराय यादव नेतृत्वको नेसपासँग चुनावी तालमेलको ढोका खुलेको छ ।

एकीकृत समाजवादीले पनि स्थानीय तहको उपनिर्वाचनमा तालमेल गर्ने निर्णय लिएको छ। उपनिर्वाचनका लागि वैचारिक दृष्टिकोण निकट दलहरुसँग स्थानीय तहको आवश्यकतानुसार सहकार्य गर्ने भएको हो । समान बिचार भएका व्यक्ति तथा समूह, पार्टीहरुबीच एकता र सहकार्यको नीतिलाई प्राथमिकता दिएको हो । पार्टीले आफ्नो संगठन बलियो भएका क्षेत्रमा अन्य दलको सहयोग लिने >>> पृष्ठ २ मा

## सुशासन प्रवर्द्धन गरौं

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरुद्ध शून्य सहनसील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेबारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गौशाला धर्मशाला विवाद

# मारवाडीको मोहियानी हक नलाग्ने

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ कात्तिक ।

पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको पशुपति गौशाला धर्मशालाको जग्गामा मोहियानी हक नलाग्ने भएको छ। उक्त जग्गामा दुई दशकदेखि मारवाडी सेवा समिति रहँदै आएको छ। दुई दशकदेखि बसेको भनेर मारवाडी सेवा समितिले मोहियानी हक दाबी गर्दै आएको छ। तर, काठमाडौं जिल्ला अदालतले उक्त जग्गामा मारवाडी सेवा समिति मोहियानी हक नलाग्ने फैसला गरेको हो । गत असोज १६ गते न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले गरेको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको छ। जसमा पशुपति गौशाला धर्मशालाको कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गामा मारवाडी सेवा समितिको मोही हक नलाग्ने फैसला गरेको हो। फैसला अनुसार समितिले धर्मशालाको जग्गामा मोही हक लाग्ने छैन ।

> मारवाडी सेवा समितिले पशुपति गौशाला धर्मशालाको विषयमा काठमाडौंअदालतको फैसलाविरुद्ध उच्च अदालत जाने बताएको छ । फैसला चित्त नबुझे ३५ दिनभित्र पुनरावेदनमा जान सक्नेछ ।

तर, मारवाडी सेवा समितिले पशुपति गौशाला धर्मशालाको विषयमा काठमाडौं अदालतको फैसलाविरुद्ध उच्च अदालत जाने बताएको छ। अदालतले गत असोजमै गरेको फैसलाको पूर्णपाठ प्रकाशित भएसँगै योविरुद्ध उच्च अदालत पाटनमा पुनरावेदन गर्ने तयारी गरेको हो । समितिका अध्यक्ष प्रमोद अग्रवालले आफ्नो लिगल टिमले फैसलाको अध्ययन गरिरहेको भन्दै पुनरावेदनमा जाने बताएका हुन्। यसअघि पशुपति गौशाला धर्मशाला सञ्चालनको सम्बन्धमा भएको सम्झौता पशुपति क्षेत्र विकास कोषले खारेज गरेपछि यस विरुद्ध समिति जिल्ला अदालत गएको थियो ।

जिल्ला अदालतले उक्त क्षेत्रमा कोषको स्वामित्व रहेको, समितिले सम्झौता बमोजिम काम नगरेको भन्दै कोषले गरेको खारेजी निर्णयलाई सदर गरिदिएको थियो। जिल्ला अदालतको फैसला चित्त नबुझे पूर्णपाठ प्राप्त भएको ३५ दिनभित्र पुनरावेदनमा जान सक्ने व्यवस्था छ। यो विषयमा २०८० साउन २४ गते काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको थियो। कोषका सदस्य सचिव डा. मिलनकुमार थापाले अदालतबाट पशुपतिनाथको सम्पत्ति फिर्ता भएसँगै अब सरकारी निकायकै समन्वयमा गैरनाफामूलकरुपमा सञ्चालन गरिने बताउँछन्। विगतमा पशुपतिनाथको सम्पत्ति स्वार्थ समूह र >>> पृष्ठ २ मा

# रविसँग २४ घण्टे बयान

## ७० बढी लिखित प्रश्न, लामिछानेद्वारा सबै आरोप अस्वीकार



> सहकारीको रकम ठगी गरेको आरोपमा पक्राउ परेका रवि लामिछानेमाथि संगठित अपराधका साथै सम्पति शुद्धीकरणको कसुरमा समेत अनुसन्धान चलिरहेको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २९ कात्तिक ।

रुपन्देहीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको बयान सकिएको छ। तीन दिन अगाडि गत मंगलबार बयानका लागि लामिछानेलाई कास्कीबाट रुपन्देही लगिएको थियो। बिहीबारसम्म रविसँग रुपन्देहीमा २४ घण्टा बयान लिइएको छ । बुटवलको सुप्रिम सहकारीको रकम संगठित रूपमा ठगी गरेको आरोप लामिछानको बयान लिइएको हो । लामिछानेसंग ७० भन्दा बढी लिखित प्रश्न सोधिएको थियो । सबै प्रश्न र आरोपमा लामिछानेले इन्कारी बयान दिएका छन् । बिहीबार बयान सकिएता पनि लामिछानेलाई जिल्ला प्रहरी कार्यालय रुपन्देहीले शुक्रबार मात्रै कास्कीको पोखरा पठाउने भएको छ । लामिछाने यही कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका थिए। कास्की जिल्ला अदालतको आदेशमा कास्की प्रहरीले उनीसहित १४ जनाविरुद्ध सहकारी ठगी प्रकरणमा पक्राउ पूर्जी जारी गरेको थियो। कास्कीस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परेका थिए । लामिछानेविरुद्ध रुपन्देहीमा पनि उजुरी थियो । उजुरीका आधारमा बुटवलको सुप्रिम सहकारीको रकम संगठित रूपमा ठगी गरेको आरोप पक्राउ पुर्जी जारी भएको थियो। यसकारण लामिछानेको रुपन्देहीमा पनि बयान लिइएको हो ।

विभिन्न सहकारीको रकम जीबी राईसँग मिलेर अपचलन गरेको आरोपमा लामिछानेमाथि प्रहरीले अनुसन्धान गरिरहेको छ । पूर्वगृहमन्त्रीसमेत रहेका गोर्खा मिडियाका पूर्वप्रबन्ध निर्देशक तथा सञ्चालक रवि लामिछानेसँगै गोर्खा मिडियाका पूर्वसञ्चालक छविराज जोशी र लिला पसाईलाई पनि पक्राउ गरी प्रहरीले अनुसन्धान गरिरहेको छ। यसअघि गोर्खा मिडियाका पूर्वसञ्चालक छविराज जोशीसँग पनि रुपन्देहीमा बयान लिइएको थियो । रवि लामिछाने र छविराज जोशी दुवैको लिखित बयानका आधारमा पूरक प्रतिवेदन बनाउने तयारी छ । जीबी राई जोडिएको बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणको मुद्दा लामिछाने गृहमन्त्री रहेकै अदालतमा दर्ता भएको थियो ।

त्यसबेला इलाका प्रहरी कार्यालय, बुटवलले गरेको अनुसन्धानका आधारमा सरकारी वकिलको कार्यालय, रुपन्देहीले जिल्ला अदालतमा २८ जनालाई प्रतिवादी बनाउँदै सहकारी ठगीको मुद्दा दायर गरिएको थियो। जसमा १ हजार ८३१ बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ हिनामिना गरेको दाबी गरिएको छ। तर त्यतिबेला रवि भने प्रतिवादी थिएनन्।

संसदीय विशेष छानबिन समितिले सुप्रिम सहकारीको रकम समेत गोर्खा मिडियामा ल्याएर अपचलन गरेको भन्दै >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# भिजिट भिसामा दुबई पुगेका तीन दर्जन नेपाली संगठित अपराध मुद्दा खेपिरहेका

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ कात्तिक

भिजिट भिसाको प्रलोभनमा परेर दुबई पुगेका तीन दर्जन नेपाली युवायुवती चिनियाँ गिरोहको पञ्जामा परेर अभौतिक मुद्राको प्रयोग र संगठित अपराध मुद्दा खेपिरहेका छन्।

आकर्षक तलव र सुविधाको सपनामा भिजिट भिसा प्रयोग गरेर विभिन्न समयमा युएई गएका रोजगार आकांक्षी नेपाली युवायुवतीलाई अनलाइनमार्फत भारतीयसहित विभिन्न देशका नागरिकलाई क्रिप्टोकरेन्सीको प्रलोभनमा पारी ठगी गर्ने चिनियाँ गिरोहले काममा लगाएर फसाएको खुलेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेटिङ गिरोहलाई हजारौं रकम बुझाएर भिजिट भिसामा दुबई पुगेका नेपालीहरू रोजगारी खोज्दै जाँदा चिनियाँ गिरोहले सम्पर्कमा राखेर काम लगाएको देखिएको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले ललितपुरको जावलाखेल स्थित जगदीश उपाध्यायको घरमा सञ्चालन गरेको अवैध कल सेन्टरमा छापा मार्दा भिजिट भिसामा युएई पुगेर नेपाल फर्काइएका युवायुवतीसहित ५० जनालाई पक्राउ गरेको थियो।

पक्राउ पर्नेमा सूर्योदय नगरपालिका वडा नं. -१३, ईलामका सन्दिप आचार्य, ईटहरी उ.म.न.पा. वडा नं. - २, सुनसरीका बिजय बहादुर गिरी, लिखु गाउँपालिका वडा नं. - ५ , ओखलढुङाका सुशिल सुनुवार, त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. - १, सिन्धुपाल्चोकी सबिता श्रेष्ठ, म्याग्दे गाउँपालिका वडा नं. - ४, तनहुँका करण नौवागे, रामेछाप नगरपालिका वडा नं. - १, रामेछापका सिताराम भण्डारी, भरतपुर महानगरपालिका वडा नं. - १० चितवनका सचिन थापा रहेका छन्।

त्यसैगरी उक्त घटनाका सुनिता धिमाल दमक नगरपालिका वडा नं. - ४, झापा, सुरेश शाह ठकुरी निलकण्ठ नगरपालिका वडा नं. - ३ , धादिङ, मिलन सारु मगर निलकण्ठ नगरपालिका वडा नं. - ६, धादिङ, सुजन प्रधान कमल गाउँपालिका वडा नं. - ३, झापा, सुदिप >>> पृष्ठ २ मा

## युएईमा रोजगारको अवसर

कम्पनी :WHERE EVER TECHNICAL & CLEANING SERVICES L.L.C.
शहर : UAE

पुर्व स्वीकृत मितिः २०८१/०१/२१ | चलानी नं.:६०२१८९०८ | LT. No.:304177 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Cleaner | 300 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 100 | | 900 | ३३०१२ | | | | | | | |
| 3. | Security Guard | 200 | 100 | | 1200 | ४४०१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ७ गते (22 November 2024) मा हुनेछ ।

नोटः पुरुष सेक्युरिटी गार्डको हकमा उचाई कम्तीमा ५.६ इन्च र महिला सेक्युरिटी गार्डको हकमा उचाई कम्तीमा ५.३ इन्च हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Empower Huntr H.R. Solution Pvt. Ltd.
Gov. Lic No. 1150/073/074
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4560541/42
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901
Pokhara : 9802855069/ 9802855194

मध्यान्ह
www.madhyanhadaily.com
३० कात्तिक २०८१, शुक्रबार
15 November 2024, Friday

# मुख्यमन्त्री सिंहको कार्यशैलीप्रति सत्तागठबन्धनको असन्तुष्टि

कमल साह/मध्यान्ह
जनकपुरधाम, २९ कात्तिक



मधेश प्रदेश सरकारको कामकाजलाई लिएर असन्तुष्टि पोख्दै आएका सत्तागठबन्धनका घटक दलहरुले फेरि आफ्नो असन्तुष्टि पोखेका छन् ।

संघीय सत्ता गठबन्धनमा रहेकै कारण मधेश प्रदेश सरकारको नेतृत्व पाएको जनमत पार्टीको सरकारले सन्तोषजनक कामकाज नगरेको भन्दै आलोचना गरेको छ ।

बिहीबार बसेको सत्ता गठबन्धनको बैठकमा सतीशकुमार सिंह नेतृत्वको सरकारले बजेट खर्च गर्न नसकेको, प्रदेश सरकारको काम सन्तोषजनक नभएको, भाषणवाजीमै सीमित रहेको भन्दै विभिन्न विषयहरुमाथि छलफल भएको नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले जानकारी दिए ।

मुख्यमन्त्री सिंह, प्रदेशका मन्त्रीहरु र गठबन्धन दलका नेताहरु बसेर बजेट खर्च हुन नसक्नुको कारण र प्रभावकारी ढंगले कामकाज हुन नसकेको भन्दै आलोचना भएको उनले बताए ।

मुख्यमन्त्री सिंहको पार्टी जनमतले पनि उनको आलोचना गरेको छ । जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवले प्रदेश सरकार सुस्त भएको, बजेट खर्च गर्न नसकेको, काम प्रभावकारी नभएको, जनतामा निराश छाएको, जनगुनासो बढ्दै गएको भन्दै विभिन्न आरोप लगाउँदै आलोचना गरे ।

पूर्वमन्त्रीसमेत रहेका नेता यादवले भने, 'प्रदेश सरकारले काम गर्न नसकेकाले जनतामा सरकारप्रति निकै निराश छ, निकै गुनासाहरु छन्, विगतको सरकारभन्दा पनि खतम छन् भन्ने जस्ता टिप्पणी र नेतृत्वकर्ता दलको हैसियतले बदनामी हुन थालेको छ ।'

उनले जनमत संसदीय दलको आह्वानमै गठबन्धनको बैठक बसेर गम्भीर छलफल गरिएको बताए । लोसपा नेपाल मधेश प्रदेशका संसदीय दलका उपनेता उपेन्द्र महतोले सरकारको गतिविधि विषयमा गम्भीर समीक्षा गर्नु अति आवश्यक भएकोले हामीले दबाब दिएको बताए । चाडवाड सकिए लगत्तै मधेश सरकारको बारेमा सत्तासिन दलहरु एकठाउँमा बसेर आवश्यक विषयवस्तुमाथि छलफल गरिएका घटक दलका नेताहरु बताउँछन् । प्रदेश सरकारलाई प्रभावकारी र सफल बनाउनका लागि सत्ता गठबन्धन दलको नियमित बैठक बस्नुपर्ने, कामलाई प्रभावकारी ढंगले अगाडि बढाउनु पर्ने जस्ता विषयवस्तुहरुमाथि पनि सो बैठकमा छलफल भएको थियो ।

सो बैठकमा मुख्यमन्त्री सिंहको आलोचना भए पछि बिहीबार नै अर्थ मन्त्रालयले बजेट रोक्का खुलाएको छ ।

बिहीबार बसेको बैठकमा भने मुख्यमन्त्री सिंहको उपस्थिति थिएन । उनी जनकपुरधाम बाहिरको कार्यव्यवस्तताको कारणले बैठकमा सहभागिता नरहेको स्रोतले जनाएको छ । सत्ता गठबन्धनको बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णकुमार प्रसाद यादव, एमाले संसदीय दलका नेता सरोजकुमार यादव, जनमतका प्रदेश सांसद सञ्जय यादवलगायत समेत सहभागी थिए ।

# दुई दिनमा १२ बालबालिकाको उद्धार

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले दुई दिनमा १२ जना बालबालिकाको उद्धार गरेको छ । कामपाले गत मंगलबार र बुधबार १२ जना बालबालिकालाई श्रम र असुरक्षित बालगृहबाट उद्धार गरेको हो ।

मंगलबार वडा नं १ मा रहेको खाजा घरबाट जोखिमपूर्ण श्रममा भेटिएका १४ वर्षीय बालकलाई उद्धार गरिएको छ । बुधबार वडा नं २ खुर्सानीटारमा रहेको बेसहारा असहाय बाल सुधार संघ नामक संस्थाका राखिएका १० जना बालक र एक जना बालिकाको उद्धार गरिएको हो ।

'उद्धार भएका बालबालिकाको पारिवारिक लेखाजोखा र मनोविमर्श गरिनेछ', उद्धारमा खटिएकी बाल संरक्षण अधिकृत सुनिता शाहले भनिन्,'उद्धार गरिएका बालबालिकालाई लेखाजोखा र मनोविमर्शपछि प्राप्त हुने मनोसामाजिक प्रतिवेदनका आधारमा पारिवारिक पुनःमिलन तथा वैकल्पिक हेरचाहको प्रबन्धमध्ये कुनमा लैजाने भन्ने निर्णय हुनेछ ।'

कामपाको हटलाइन नम्बरमा बालबालिकाको नाजुक अवस्था रहेको, उनीहरूका नाममा अवैध चन्दा संकलनलगायत काम भइरहेको सूचना प्राप्त भएको थियो । प्राप्त सूचनाका आधारमा बालबालिकाको सद्धार गरिएको कामपाको भनाइ छ ।

कामपा वडा नं २ मा दर्ता देखिएको बेसहारा असहाय बाल सुधार संघले वडा नं. ४ मासमेत कार्यालय स्थापना गरेर रोजगार केन्द्रमार्फत स्वयंसेवक कर्मचारी भर्ना गर्ने, गैरकानुनी रूपमा चन्दा उठाउने गरेको, संकलित रकम अपारदर्शी परिचालन भएको, कार्यालयका कर्मचारीको भूमिका शंकास्पद देखिएको भन्ने सूचना थियो । त्यसका आधारमा अनुगमन गर्दा, मासिक रु २२ हजार तलब दिने भनेर १४ जना कर्मचारी भर्ना गरिएको पाइयो ।

उनीहरू प्रत्येकलाई फिल्डमा खटाउने गरिएको, फिल्डबाट दैनिक रु दुई हजार एक सय अनिवार्य संकलन गर्नुपर्ने दायित्व दिएको बताइएको छ । यसरी गतिविधि सञ्चालन गर्ने शंकास्पद व्यक्तिलाई महानगरीय प्रहरी वृत्त, महाराजगञ्जबाट खटिएको प्रहरीको टोलीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ । यो संस्था आव २०७६/७७ देखि कामपामा नवीकरण छैन । अनुमति नलिइ गैरकानुनी रूपमा बालगृह सञ्चालन गरेको पाइएपछि राष्ट्रिय बाल अधिकार परिषद्ले विस २०७२ देखि अनुगमन गरेर संस्थामा रहेका बालबालिकालाई उद्धार गरेर गृह सञ्चालनममा रोक लगाएको थियो ।

कामपाले गएको वर्ष बाल संरक्षण तथा बालबालिका सम्बन्धी कार्यविधि, २०८० जारी गरेपछि पहिलो चरणमा उद्धार गरिएका बालबालिकाको व्यवस्थापन गरिसकेको छ । दोस्रो चरणको बाल उद्धार कार्यक्रममा कामपाको हटलाइन नम्बर ११८० मा प्राप्त भएका सूचनाका आधारमा काम थालेको छ । पहिलो चरणमा २४ जना बालक र २७ जना बालिका गरी ५१ जना बालबालिकाको उद्धार भएको थियो । उद्धार गरिएकामध्ये परिवारमा फर्काउन सम्भव भएकालाई परिवारमा पुनःस्थापना गरिएको छ भने परिवारमा फर्काउँदा सम्भव नभएका बालबालिकालाई शिक्षा, स्वास्थ्य उपचारसहित दीर्घकालीन स्याहारको प्रबन्ध गरिएको छ ।

उद्धार गरिएका ५१ जनामध्ये २४ जना बालबालिकालाई परिवारमा पुनःस्थापना गरिएको छ । 'बालापनको रक्षा, भविष्यको सुरक्षा' भन्ने नारा राखेर बालबालिका लक्षित कार्यक्रमका लागि यस आर्थिक वर्षमा कामपाले रु चार करोड ७५ लाख बजेट विनियोजन भएको छ ।

## उपचुनाव...

तथा सांगठनिक प्रभाव कम भएको ठाउँमा गठबन्धनका उम्मेदवारलाई सहयोग गर्ने नीति लिएको हो । एकीकृत समाजवादीमा कीर्तिपुरको मेयरमा माओवादीलाई सघाउने गरी छलफल अघि बढेको छ । दुवै दलले आवश्यकताअनुसार सत्तारूढ दलबाहेक विपक्षी दलसँग सहकार्य गर्ने नीति अख्तियार गरेपछि छलफल चलेको हो । कीर्तिपुरको मेयरसहित वडा नम्बर १ र ४ को अध्यक्षका लागि चुनाव हुँदै छ । कीर्तिपुर-४ मा माओवादीले आफ्नो पार्टीलाई सहयोग गरे मेयरमा उम्मेदवारी नदिने एकीकृत समाजवादीको प्रस्ताव छ ।

स्थानीय तहमा रिक्त ४४ पदका लागि आगामी मंसिर २ गते मनोनयन दर्ता गर्ने समयसीमा निर्वाचन आयोगले तोकेको छ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुन लागेको हो । राजनीतिक दलहरूल एक्लाएक्लै चुनाव लड्ने घोषणा गरे पनि उपनिर्वाचनको मिति नजिकिँदै जाँदा फेरि चुनावी तालमेलतिरै उन्मुख देखिएका हुन् । कतिपय स्थानमा सत्तारूढ कांग्रेस र एमालेले पनि तालमेलको प्रयास गरेका छन् । पूर्वी रुकुमको पुथा उत्तरगंगामा हुने उपनिर्वाचनमा तालमेलका लागि कांग्रेस र एमाले संवादमा रहेका हुन् । उत्तरगंगामा उपाध्यक्ष र वडा नम्बर २ को अध्यक्षका लागि निर्वाचन हुँदैछ । दुवै क्षेत्रमा एक्लाएक्लै लड्दा कांग्रेस र एमालेका उम्मेदवारले जित्न कठिन रहेकाले तालमेलका लागि संवाद जारी रहेको दुवै दलका नेताहरूले बताएका छन् । गत निर्वाचनमा अध्यक्ष र उपाध्यक्षसहित ११ वडामा माओवादीका उम्मेदवार निर्वाचित भएका थिए ।

## रविसँग...

रविसहितका व्यक्तिलाई कारबाही सिफारिस गर्दै ३१ भदौमा प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनपछि सुप्रिम सहकारीमा पनि पूरक अभियोजन बनाएर मुद्दा लैजाने तयारी रुपन्देही प्रहरीले गरेको हो । सुप्रिम सहकारीको १४ करोड २९ लाख रुपैयाँ भन्दा बढी रकम गोर्खा मिडिया नेटवर्क प्रालिमा लगानी भएको भेटिएको थियो । उक्त रकममध्ये करिब २ करोड रुपैयाँ प्रक्रिया पूरा नगरी रवि लामिछानेको नाममा ऋण गएको भेटिएको थियो ।

जीबी राई समूहले काठमाडौं, बुटवल, पोखरा, चितवन, वीरगञ्ज लगायतका शहरमा सञ्चालन गरेको सहकारीको करोडौं रकम ग्यालेक्सी टीभीमा लगानी देखिएको थियो । सहकारीको रकम अपचलनमा प्रत्यक्ष रुपमा लामिछाने नजोडिए पनि अपचलन भएर आएको रकम खर्च गर्ने काममा भने लामिछानेको समेत संलग्नता देखिएको संसदीय समितिले औंल्याएको थियो । सहकारीको रकम ठगी गरेको आरोपमा पक्राउ परेका रवि लामिछानेमाथि संगठित अपराधका साथै सम्पत्ति शुद्धीकरणको कसुरमा समेत अनुसन्धान चलिरहेको छ ।

## गौशाला...

नियोजितरुपमा कुनै समूहलाई दिने सम्झौता भए पनि त्यसलाई न्यायालयले सच्याएको उनीहरूको प्रतिक्रिया छ ।

मारवाडी सेवा समितिले २०६० मा श्रीपशुपतिनाथ अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकास कोष)सँग भएको सम्झौता गरेको थियो । सम्झौताअनुसार वार्षिक ५१ हजार सहयोग बुझाएर होटल, लज, रेस्टुरेन्ट, डायलासिस सेन्टर सञ्चालन गरी र जर्सी गाई पालेर व्यापार गर्दै आएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री एवं कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा गत असोज २० गते बसेको बैठकले धर्मशाला कोष आफैले सरकारी निकायको समन्वयमा सञ्चालन गर्ने निर्णय गरेको थियो । मारवाडी सेवा समितिको मोहियानी हकको दाबी नपुग्ने भनेर कोषले गत असोज २२ गते काठमाडौं महानगरसँग पशुपति गौशाला धर्मशाला सञ्चालन र व्यवस्थापन गर्ने सहमति गरेको थियो । यो सम्झौताअनुसार अगाडि बढ्ने तयारी भइरहेका बेला मारवाडी सेवा समितिले पुनरावेदन जाने तयारी गरेको हो ।

## भिजिट...

तामाङ सूर्यविनायक नगरपालिका वडा नं. - ७, भक्तपुर पनि पक्राउ परेका छन् । पक्राउ परेका अन्यमा कमल कडेल चन्द्रपुर नगरपालिका वडा नं. - ८, रौतहट, प्रल्हाद पोखरेल, टोखा नगरपालिका वडा नं. - ६, काठमाडौं, प्रदिप बहादुर भण्डारी, रामेछाप नगरपालिका वडा नं. - १, रामेछाप, टिकाराम बस्नेत, तुल्सीपुर उपमहानगरपालिका वडा नं. - ११, दाङ, अरमान खान राजबिराज नगरपालिका वडा नं. - २,सप्तरी, दुर्गा शर्मा भरतपुर महानगरपालिका वडा नं. - १६ , चितवन, सोनी परियार पोखरा महानगरपालिका वडा नं. - २८, कास्की, सुनित परियार लहान नगरपालिका वडा नं. - १०, सिराहा रहेका छन् । राजिब राज महत्तो सुखीपुर नगरपालिका वडा नं. - ३ , सिराहा, बिनोद रानामगर धनगढीमाई नगरपालिका वडा नं. - २, सिराहा, बिजय चौधरी सियारी गाउँपालिका वडा नं.- २, रुपन्देही, सुजन गौतम रंगेली नगरपालिका वडा नं. - ९ , मोरङ, प्रज्ञा घिमिरे मेचीनगर नगरपालिका वडा नं. - १२ झापा, रोशन लुईटेल कानेपोखरी गाउँपालिका वडा नं. - ५, मोरङ, नजात आलम बाह्रदशी गाउँपालिका वडा नं. - ४, झापासहित पक्राउ पर्ने अन्यमा सुदिप अधिकारी वर्दघाट नगरपालिका वडा नं. - १३, नवलपरासी, दिपेन्द्र तिवारी कमल गाउँपालिका वडा नं. - ५, झापा, मनोज लामा ज्वालामुखी गाउँपालिका वडा नं. - ५, धादिङ, बबिन राना मगर वेलबारी नगरपालिका वडा नं.- ३, मोरङ, विवेक श्रेष्ठ दमक नगरपालिका वडा नं.- ५, झापा र लक्की नेपाली देवचुली नगरपालिका नवलपरासी रहेका छन् ।

प्रहरीले चिनियाँ नागरिक डिङ जिहोङ, लिन क्वीनजिङ, फिलिपिन्सकी महिला हानिपा सिन्सुएतलाई पनि पक्राउ गरेको छ । सीआईबीका प्रवक्ता तथा एसपी होविन्द्र बोगटीले भिजिट भिसामा दुबई गएर कामको खोजीमा रहेका नेपाली युवायुवतीलाई चिनियाँ गिरोहले कल सेन्टरको ठगी धन्दामा लगाउने गरेका देखिएको बताएका छन् । चिनियाँ गिरोहले करिब एक अर्ब रूपैयाँको हाराहारीमा क्रिप्टो करेन्सीको कारोबार गरेको प्रहरीको दावी छ । प्रहरीले चिनियाँ गिरोहको योजनामा ठगीको अन्तरदेशीय सञ्जाल बनाइ क्रिप्टोकरेन्सीको कारोबार गरेको बताएको छ । नेपालमा क्रिप्टोकरेन्सीको कारोबार अवैधानिक छ । चिनियाँहरूले नेपालीलाई टाइप गर्न र ठगी योजनाको स्क्रिप्ट पढ्ने काममा लगाएको हाल हिरासतमा रहेका इलामका सन्दिप आचार्य बताएका छन् ।

युएईमा अवैध क्रिप्टो कारोबाररो आरोपमा गत मे मा चिनियाँसहित करिब एक सय नेपालीलाई देश निकाला गरेको थियो ।

तीनै चिनियाँहरू नेपाल आइ नेपाल फर्काइएका नेपाली युवायुवतीलाई प्रयोग गरेर अवैध कल सेन्टर सञ्चालन गरेको प्रहरीले बताएको छ । ललितपुर जिल्ला अदालतका न्यायाधीश निर्मला योङयाको इजलासमा सुनुवाई भइरहेको मुद्दा बिहीबार हेर्दाहेर्दैमा रहेको छ । चिनियाँ गिरोहले गरेको यो धन्दाले भिजिट भिसामार्फत वैदेशिक रोज़गारमा जानु घातक छ भन्ने नेपाल सरकार, वैदेशिक रोज़गार व्यवसायी र कतिपय गैरआवासीय नेपालीको भनाइलाई पुनरपुष्टी गरेको छ ।

# सत्र वस्तुको नयाँ गुणस्तर र तीनको गुणस्तर परिमार्जन स्वीकृत



**काठमाडौं/मस-** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीको अध्यक्षतामा नेपाल गुणस्तर परिषद्को ११३ औं बैठक सिंहदरबारमा सम्पन्न भएको छ । बैठकबाट नयाँ १७ वटा नेपाल गुणस्तर र ३ वटा हाल कायम रहेका नेपाल गुणस्तर परिमार्जन गर्ने प्रस्ताव स्वीकृत गरिएको छ । हाल विकसित नयाँ प्रविधि र उच्च गुणस्तरका सामाग्रीको बजारको मागका आधारमा हाल कायम रहेको एनएस ८०:२०४२ ह्युम पाइपलाई परिमार्जन गरिएको नेपाल गुणस्तर एनएस ८०:२०८१ पारित भएको हो । साथै लिमिटेड ओभन स्याक र घरायसी प्रयोजनमा आउने युपीभीसी पाइप फिटिङको नेपाल गुणस्तरमा समेत परिमार्जन गरिएको छ । यसैगरी गरगहना, पानी र माटो परीक्षणसँग सम्बन्धित आईएओबाट निर्धारित अन्तर्राष्ट्रिय गुणस्तर अनुरूप परीक्षण विधिका गुणस्तरहरू समेत उक्त बैठकबाट स्वीकृत भएका छन् । मन्त्री भण्डारीले यस बाहेक अन्य सामग्रीको समेत गुणस्तर निर्धारण गर्नुपर्ने बताएका छन् । हाल चलनचल्तीमा रहेका बाहेक ठुला साइजका ग्यास सिलिण्डर हरुको नेपाल गुणस्तर तयार गर्न उनले विभागलाई निर्देशन दिए । उनले निर्यात प्रवर्धन हुने अन्य सामग्रीहरूको अध्ययन गरी मापदण्डहरु कायम गर्न निर्देशन दिएका हुन् । नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशकको संयोजकत्वमा रहेको प्राविधिक समितिबाट पारित मस्यौदा नेपाल गुणस्तर परिषदबाट स्वीकृत भए पश्चात उक्त गुणस्तर नेपाल गुणस्तरको रूपमा मान्यता पाउने व्यवस्था छ ।

# साइबर अपराधको आरोपमा एक महिला पक्राउ

**काठमाडौं/मस-** सामाजिक सञ्जालबाट चरित्र हत्या हुने अभिव्यक्तिहरू प्रसारण गरी आघात पुऱ्याएको आरोपमा केन्द्रीय साइबर ब्यूरोले कैलालीकी एक महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा कैलालीको धनगढी उपमहानगरपालिका-१३ की कुमारी जानकी बोगटी रहेकी केन्द्रीय साइबर ब्यूरोका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक नविन्द अर्यालले जानकारी दिए । उनले भने 'निजकुमारी जानकी बागटीले सामाजिक सञ्जालमा चरित्र हत्या हुने अभिव्यक्तिहरू प्रसारण गरी चरित्रमा निर्मम आघात पुऱ्याउनुका साथै सामाजिक जीवनमा गम्भीर असर पुऱ्याउने कार्य गर्ने उपर आवश्यक अनुसन्धान गरी कारबाहीका लागि ब्यूरोमा पीडित महिलाको निवेदन प्राप्त भएपछि पक्राउ गरिएको हो ।' जिल्ला प्रहरी कार्यालय सुर्खेतको सहयोगमा उनलाई सुर्खेतबाट पक्राउ गरी केन्द्रीय साइबर ब्यूरो काठमाडौंमा ल्याइ जिल्ला अदालत काठमाडौंबाट पाँच दिनको म्याद थप गरिएको प्रहरी नायब महानिरीक्षक अर्यालले बताए । पक्राउ परेकी निज बोगटी उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान कार्य भइरहेको केन्द्रीय साइबर ब्यूरो काठमाडौंले जनाएको छ ।

# रोशी गाउपालिकाले विपद् प्रभावितलाई विशेष योजना ल्याउँदै



**काभ्रेपलाञ्चोक/मस-**रोशी गाउँपालिकाले विपद् प्रभावितको राहत, पुनःस्थापना एवम् पुनर्वासका लागि बजेट व्यवस्थापन गर्न गाउँसभाको विशेष अधिवेशन आह्वान गरेको छ ।

जाडोयाम शुरु भैसकेकाले गाउँपालिकाले आफैं पुनर्वासको योजना तयार गरेर तत्काल बाढीपहिरो प्रभावितलाई 'न्यानो' प्रदान गर्न छुट्टै बजेट व्यवस्थापन गर्न गाउँसभाको विशेष अधिवेशन आह्वान गरेको जनाएको छ ।

गत असोज दोस्रो साताको अविरल वर्षाका कारण बाढीपहिरोले जनधनको क्षति पुऱ्याएपछि १५औं अधिवेशनले चालु आर्थिक वर्षको योजनाका लागि विनियोजित बजेटबाट केही प्रतिशत कटौती गरी विपद् व्यवस्थापन गर्न विशेष सभाको आह्वान गरिएको गाउँपालिकाले जनाएको छ । विपद् प्रभावित परिवारका लागि राहत, पुनःस्थापन एवम् पुनर्वासका कार्यक्रम सञ्चालन गर्न विशेष अधिवेशन बोलाइएको अध्यक्ष दिनेश लामाले बताए ।

गाउँपालिकाले शुक्रबार गाउँसभाको विशेष अधिवेशन आह्वान गरेको हो । कार्यालयले बागमती प्रदेशको गाउँ, नगर र जिल्ला सभा सञ्चालन कार्यविधिसम्बन्धी ऐन-२०७५, को दफा ३ को उपदफा १ बमोजिम गाउँसभाको विशेष अधिवेशन आह्वान गरेको जनाएको छ । अधिवेशन सकिएलगत्तै विपद् व्यवस्थापनका लागि योजना तयार गरिने अध्यक्ष लामाले बताए ।

रोशी गाउँपालिकामा बाढीपहिरोले १२ जनाको अकालमा निधन भएको थियो । कार्यालयका अनुसार बाढीपहिरोबाट चार सय ८२ परी पूर्णरुपमा तथा आठ सय ८३ घर आंशिकरुपमा क्षति पुगेको थियो । यस्तै दुई हजार पाँच सय ४४ परिवारको खेतबारीमा क्षति पुगेको जनाइएको छ ।

बाढीपहिरोले भर्खरै निर्माण सम्पन्न भएको डम्फू उद्यान, १० शय्याको अस्पताल, चिस्यान केन्द्रसहितको औद्योगिक ग्राम बगाएको छ । कार्यालयले खोज, उद्धारको काम सकिएसँगै प्रभावित परिवारलाई खाद्यान्न, लत्ताकपडा, भाडाकुँडा वितरण तथा बाढीपहिरोबाट पूर्णरुपमा घर क्षति भइ मृतक तथा समस्यामा परेका एक सय १० परिवारलाई प्रारम्भिक नगद तथा अन्य राहत उपलब्ध गराइएको तथा बाढीपहिरोका परी मृत्यु भएका परिवारलाई गाउँपालिकाले किरिया खर्च वापत ५० हजार थप गरी नगद राहत हस्तान्तरण गरेको जनाएको छ ।

# काठमाडौंमा एकै परिवारका ३ जना मृत भेटिए




**काठमाडौं/मस-** काठमाडौं गोकर्णेश्वर नगरपालिका-३, गाम्छामा एकै परिवारका तीन जनाको शव भेटिएको छ । जिल्ला प्रहरी परिसर, काठमाडौंका अनुसार, ३३ वर्षीया सीता मोक्तान, उनकी छोरी अंशु मोक्तान र छोरा दुई महिनाका बालक मृत अवस्थामा भेटिएका हुन् । उनका श्रीमान् कान्छा नगरकोटीले श्रीमती र दुई छोराछोरी हराएको भन्दै प्रहरीलाई खबर गरेका थिए । पछि जाँच गर्दा बन्द कोठाभित्र शव भेटिएको प्रहरीले जनाएको छ । घटनास्थलमा प्रहरी वृत्त, बौद्ध, जिल्ला प्रहरी परिसर, काठमाडौं र उपत्यका अपराध अनुसन्धान कार्यालयको टोली पुगेको थियो ।

शव कम्तीमा दुई साता पुरानो हुनसक्ने प्रहरीको प्रारम्भिक जाँचबाट देखिएको छ । तीन जनाकै शव सडेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

त्रिवि शिक्षण अस्पतालका चिकित्सकहरुले गरेको स्थलगत जाँच, छिमेकीहरुसँगको सोधपुछ र मृतकका श्रीमानको बयानका आधारमा तीनै जनाको कम्तीमा दुई साताअघि मृत्यु भएको हुनसक्ने अनुमान गरिएको हो ।

प्रहरीका अनुसार, घरमा बाहिरबाट ताला लगाएकाले श्रीमती कतै गएको हुनसक्ने अनुमान गरेको श्रीमान् कान्छा नगरकोटीले बयान दिएका छन् । फर्किएर आउँदा घरको बाहिरपट्टी नै ताला लागेको देखेपछि आफू बाहिरै बसेको उनले बयान दिएका छन् ।

अहिलेसम्म हेर्दा निसासिएर उनीहरुको मृत्यु भएको हुनसक्ने अनुमान गरिएको प्रहरीले बताएको छ । हातखुट्टा बाँधिएको अवस्थामा

### वृद्धा मृत फेला

भक्तपुरमा हातखुट्टा बाँधिएको अवस्थामा एक वृद्धा मृत फेला परेकी छन् । भक्तपुर नगरपालिका-३, दरबारस्क्वायर इछुगल्लीकी ९४ वर्षीय विष्णुकुमारी त्वयनाको शव बुधबार साँझ ५ बजेको समयमा आफ्नै घरमा फेला परेको जिल्ला प्रहरी परिसर, भरतपुरले जनाएको छ । उनको शव आफू सुत्ने कोठामा कपडाले दुवै खुट्टा एकै ठाँउमा बाँधिएको अवस्थामा भेटिएको थियो । शव पोस्टमार्टमका लगि दुवाकोटस्थित नेपाल मेडिकल कलेज पठाइएको जनाइएको छ ।

# कार्यान्वयनको दश वर्षपछि संविधानको समीक्षा हुन्छ : प्रधानमन्त्री

काठमाडौं/**मस-**प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यान्वयनको दश वर्ष पुगेपछि संविधानमाथि समीक्षा र मूल्यांकन हुने बताएका छन् ।

कान्तिपुर कन्क्लेभ २०२४ को समापन सत्रको परिसंवादमा प्रधानमन्त्री ओलीले लोकतान्त्रिक व्यवस्था, गणतन्त्र र संघीयताका मूल मर्ममा तलमाथि नहुने पनि स्पष्ट गरे ।

मुलुकमा स्थिरता, सुशासन र विकासका लागि वर्तमान सत्ता समीकरण बनेकाले यसलाई सार्थक बनाउने बताउँदै उनले कुनै पनि दलको बहुमत नभएको अवस्थामा लोकतान्त्रिक व्यवस्थाका लागि आन्दोलन गरेका मुख्य दल नेपाली कांग्रेस




र नेकपा (एमाले) बीच सहकार्य भएको बताए। साथै अब एक वर्ष आठ महिनापछि आफूले कांग्रेस सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्ने कुरा उनले दोहोर्याए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई अनुसन्धानका क्रममा हिरासतमा लिइएको सन्दर्भमा सोधिएको प्रश्नमा प्रधानमन्त्री ओलीले संसदीय समितिको प्रतिवेदनका आधारमा पक्राउ परेकाले दोष र निर्दोषको फैसला अदालतले गर्ने जनाए । 'म भ्रष्टाचार गर्दिनँ र गर्न दिन्नँ भन्ने दृढतामा स्पष्ट छु। गल्ती गर्नेमाथि कारबाही गर्नुपर्दा मान्छेको अनुहार हेर्दिनँ भनेको छु,' प्रधानमन्त्री ओलीले भने, 'हामी लोकतन्त्रका लागि लामो जेलनेल भोगेर आएका हौं। नयाँ पुस्ताका नाममा टुप्पाबाट पलाएकाहरुले तथ्यहीन आधारमा गाली गरेको सुहाउँदैन । न्यायालयको कामलाई दबाब र झुठको प्रचारबाट प्रभावित पार्न खोज्नु उचित होइन ।

# रास्वपाका नेताहरूविरुद्ध अवहेलना मुद्दा दर्ता

**काठमाडौं/मस-**राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि सहकारी रकम अपचलन प्रकरणमा अनुसन्धान भइरहँदा अदालती कारबाहीविरुद्ध आन्दोलन गरेको दाबीसहित सर्वोच्च अदालतमा अवहेलनाको मुद्दा दर्ता भएको छ।




अधिवक्ता अनुपम भट्टराईले अनुसन्धान चरणमै रहेको मुद्दालाई अदालतलाई दबाब दिने उद्देश्यले अभिव्यक्ति दिने, आन्दोलन गर्ने र जनतालाई उचाल्दै न्याय प्रक्रियामा अवरोध गर्न खोजेको दाबीसहित रिट हालेका हुन्। अदालतका प्रवक्ता अच्युत कुइँकेलका अनुसार मंसीर ३ गते सो मुद्दाको पेसी तोकिएको छ ।

अवहेलना निवेदनमा रास्वपाका उपसभापति एवं सांसद डा.स्वर्णिम वाग्ले, प्रवक्ता मनिष झा, सुमना श्रेष्ठ, विराजभक्त श्रेष्ठ, डा. तोसिमा कार्की, सोविता गौतम, सन्तोष परियारलगायतलाई विपक्षी बनाइएको प्रवक्ता कुइँकेलले बताए ।

भट्टराईको निवेदन सर्वोच्च प्रशासनले शुरुमा दर्ता गर्न अस्वीकार गर्दै दरपिठ गरिएको थियो । कात्तिक १४ मा सर्वोच्च प्रशासनले निवेदन दरपिठ गरेपछि त्यसविरुद्ध भट्टराईले कात्तिक २१ गते इजलासमा निवेदन दिएका थिए । उक्त निवेदनमा पहिलो सुनुवाइ गर्दै अदालतले दरपिठ बदर गरेपछि मुद्दा दर्ता भएको हो। बुटवलको सुप्रिम सहकारीको बचत ठगी गरेको आरोपमा रविलाई मंगलबार कास्कीबाट रुपन्देही ल्याएदेखि रास्वपाले प्रदर्शन गरिरहेको छ। सरकारी वकिलको कार्यालयमा रविको बयानका पनि चलिरहेको छ।

पूर्वगृहमन्त्री तथा पार्टी सभापति रवि लामिछानेमाथि सहकारीको रकम अपचलनमा अनुसन्धान चलिरहँदा अदालतको गतिविधिविरुद्ध आन्दोलन गरेको दाबीसहित सर्वोच्च अदालतमा अवहेलनाको रिट दर्ता हुँदा पनि रास्वपाले प्रदर्शन रोकेको छैन ।

# विदेशी लगानीकर्तालाई आकर्षित गर्न चीन भ्रमण उपलब्धिमुलक: मुख्यमन्त्री

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, २९ कात्तिक

लुम्बिनी प्रदेशका मुख्यमन्त्री स्वदेश फर्किएका छन् । चीनको सिचुआन प्रदेश सरकारले आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएर मुख्यमन्त्री बिहीबार स्वदेश फर्किएका हुन् ।

उनी कात्तिक २६ गते सोमबार त्यसतर्फ गएका थिए । सिचुआन प्रदेशका वैदेशिक विभागका उपमहानिर्देशक पाङग्वाङ ल्याङले तियान्फु विमानस्थल पुगेर मुख्यमन्त्री आचार्यसहितको प्रतिनिधि मण्डलको विदाई गरेका थिए। स्वदेश फर्किएका मुख्यमन्त्री आचार्यले सम्मेलनमार्फत लुम्बिनी प्रदेशको समृद्धि र विकासका एजेण्डाहरु स्थापित गर्न सफल भएको बताए ।

'सम्मेलनमार्फत लुम्बिनी प्रदेशको विकासको एजेण्डा र भावी योजनाको बारेमा ध्यानाकर्षण गराउन सफल भयौं'उनले भने,'लुम्बिनीमा हुने लगानी सम्मेलनको वातावरण निर्माणदेखि विदेशी लगानीकर्ताहरुलाई आकर्षीत गर्ने सवालमा यो भ्रमण ऐतिहासिक रह्यो ।'



सिचुआन प्रदेश र लुम्बिनी प्रदेशको बीचमा भएको मितेरी सम्बन्ध पुर्नताजगी भएको, भ्रमणले लुम्बिनीमा लगानी भित्र्याउन वातावरण निर्माण गर्न सफल भएको, नवीन पर्यटनमैत्री योजना र पूर्वाधार निर्माण तथा सिचुआनको देयाङ नगरसँग लुम्बिनीका नगरपालिकाहरुको मितेरी सम्बन्ध स्थापना गर्ने बारेमा योजना बनाउन सफल भएको भ्रमण दलमा सहभागी मुख्यमन्त्रीका स्वकीय सचिव कुशल भुसालले जानकारी दिए । सम्मेलनमार्फत मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशभित्र सिचुवान प्रान्तलगायत कुनैपनि प्रान्तबाट इच्छुक लगानीकर्ताको लगानी भित्र्याउन र लगानी सुरक्षित गर्न आवश्यक सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको धारणा सार्वजनिक गरेका थिए ।

नवलपरासी पश्चिम र कपिलवस्तु जिल्लालाई बुद्ध सर्किटसँग जोड्ने योजनालाई कार्यान्वयनमा ल्याउन मोनोरेल सञ्चालनका बारे अध्ययनका लागि विदेशी लगानीकर्ता समक्ष योजना अघि सारेका थिए ।

प्रदेश राजधानी शहर निर्माण आयोजना, भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनी र प्रदेश राजधानी शहर राप्ती देउखुरी जोडन आवश्यक पर्ने सुरुङमार्ग निर्माण, बुद्ध सर्किटमा पर्ने विभिन्न स्थलमा पर्यटन भौतिक पूर्वाधार निर्माण र मोनोरेल, लुम्बिनी प्राबिधिक विश्व विद्यालयका लागि चिनियाँ प्राविधिक विश्वविद्यालयको आवश्यक सहयोग, चिनियाँ विद्यायन पद्धति र सिकाइका आधारमा लुम्बिनी प्रदेश सभाका सभासदहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग, कृषक, पशुपालकहरुको लागि क्षमता अभिवृद्धि उत्पादित बस्तुवजारीकरण तथा जडिबुटी उत्पादकहरुको लागि क्षमता विकासमा सहयोग तथा बजारीकरणमा सहयोग, पर्यटनस्थल व्यवस्थापन र पथपर्दशन सम्बन्धी विशिष्ट तालिम एवम् भाषा प्रशिक्षणको विषयमा ध्यानाकर्षण गराइएको थियो ।

सम्मेलनमा मुख्यमन्त्री आचार्यसहित आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थ, मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार डा. रामबहादुर राउत,स्वकीय सचिव कुशल भुसाल, विज्ञ सल्लाहकार डा. सागर न्यौपाने र मुख्यमन्त्रीकी श्रीमती दिपा आचार्य सहभागी थिइन्। वि.सं. २०७६ सालमा प्रदेश सरकार र सिचुआन प्रान्तबीच भगेनी सम्बन्ध कायम गरिएको थियो । तत्कालीन मुख्यमन्त्री शंकर पोखेलले सिचुआन प्रान्तबीच भगेनी सम्वन्ध कायम गरेका थिए। कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा लुम्बिनी प्रदेश सरकार र सिचुआन प्रान्तबीच सहयोग आदानप्रदान गर्ने समझदारी भएको थियो ।

# शिक्षण सिकाइमा आइसिटीको प्रयोगबारे शिक्षकहरुलाई अभिमुखीकरण

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २९ कात्तिक

प्रगतिशिल युवा समाज बझाङको आयोजनामा प्रविधिमैत्री शिक्षण पद्धती सम्बन्धी शिक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रम बिहीबार गोलाइमा सम्पन्न भएको छ ।



वर्ल्डभिजन इन्टरनेश्नल नेपाल, एडुटेक नेपालको आर्थिक सहयोग र प्रगतिशिल युवासमाजद्वारा सञ्चालित विद्यालयमा प्रविधिमैत्री शिक्षा सिक्ने अवसर (टेलस) परियोजना अन्तर्गत दुईदिने अभिमुखीकरण कार्यक्रम गरिएको हो । शिक्षण सिकाइलाई मजबुद बनाउनका लागि विद्यालयमा सञ्चालन गरिएको सूचना, सञ्चार तथा प्रविधि ल्याब (आइसिटी ल्याब)मा कक्षा सञ्चालनबारे अभिमुखीकरण कार्यक्रम गरिएको छ । कार्यक्रममा बालविकास माध्यामिक विद्यालय र सुनिपिपलचौर माध्यामिक विद्यालय शिक्षक, लगायत पत्रकारहरुको सहभागिता रहेको थियो ।

वर्ल्डभिजन इन्टरनेश्नल नेपालका टेलस परियोजना संयोजक जमुना श्रेष्ठ र प्रगतिशिल युवा समाजका टेलस परियोजना अधिकृत पाण्डव पुजाराले अभिमुखीकरणको सहजीकरण गरेका थिए । अभिमुखीकरण कार्यक्रममा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, नेपालमा आइसिटी सम्बन्धी कानूनी व्यवस्था, शिक्षामा आइसिटीको प्रयोगको महत्व, शैक्षिक एप्स र आइसिटी शिक्षण सिकाइ तथा प्लेटफर्महरुबारे छलफल गरिएको थियो भने दोश्रो दिनमा शिक्षकहरुद्वारा सूचना तथा सञ्चार प्रविधि ल्याबको प्रयोग गरी कक्षा सञ्चालनको अभ्यास गरिएको थियो ।

सहभागीहरुले कार्यक्रम निकै प्रभावकारी भएको भन्दै शिक्षण सिकाइमा आइसिटी ल्याबको प्रयोग गरी आगामी दिनमा सिकाइ अझ प्रभावकारी बनाउने बताए । कार्यक्रमको अवसरमा जयपृथ्वी नगरपालिकाका शिक्षा शाखा प्रमुख निरज प्रशाद रेग्मीले प्रविधिमैत्री शिक्षण सिकाइ आजको आवश्यकता भन्दै शिक्षण सिकाइमा प्रयोग हुने अडियो, भिडियो सामग्रीहरु विद्यालयलाई हस्तान्तरण गरेका थिए ।

# सबै वडामा माओवादीको खबरदारी सभा

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २९ कात्तिक

नेकपा माओवादी जुम्लाले जिल्लाका सबै वडामा खबरदारी सभा गरेको छ । जुम्लाका ६० वटै वडामा सरकारले गरेको वेथिति र भष्ट्राचारविरुद्धको खबरदारी सभा गरिएको हो ।

पार्टीको केन्द्रीय सर्कुलर र जिल्लाले गरेको निर्णय अनुसार एकै साथ जिल्लाभरका वडामा कार्यक्रम गरेका हुन्। त्यस्तै जिल्ला संयोजक नवराज न्यौपानेका अनुसार सरकारले गरेका वेथितिविरुद्धको खबरदारी सभा गरिएको छ । उनले वडा-वडामा सरकारका वेथिति र भ्रष्ट्राचार विरुद्धमा ध्यानाकर्षणसहित कार्यक्रम गरी खबरदारी गरिएको जानकारी दिए ।

उनका अनुसार सबै वडामा ऱ्यालीसहित औपचारिक कार्यक्रम गरिएको छ। सहकारी ठगमाथि कारबाही गर, सहकारी पीडितहरूको बचत रकम फिर्ता गर, एसपीपी सम्झौता चाहिँदैन, प्यालेस्टाइनमाथिको इजरायली आक्रमण बन्द गर, सिन्जा सभ्यता विधेयक पारित गर, सन्जामा मालपोत र नापी कार्यालय स्थापना गर, स्याउ तथा ओखर विकास बोर्ड गठन गर, विपद् पीडितहरूको घर निर्माणको रकम भुक्तानी गर, विद्युतको अरबौं बक्यौता असुल गर, नाग्म - गमगडी



राजमार्ग कालोपत्र गर, शैक्षिक विकृति बन्द गर, शैक्षिक माफिया होसियार, जुम्लामा उच्च पर्वतीय विश्वविद्यालय स्थापना गर, जनता आवास तथा विपन्न नागरिकहरूको घर निर्माण गर लगायतका नारासहित ऱ्याली कार्यक्रम शुरु गरिएको हो ।

त्यस्तै खबरदारी सभामा जिल्ला इन्चार्ज र केन्द्रीय सदस्य नरेश भण्डारीले गुठिचौर गाउँपालिकाको वडा नम्बर ५ मा आयोजना गरिएको कार्यक्रममा सम्बोधन गरेका थिए । सह-इन्चार्ज तथा केन्द्रीय सदस्य गोमा कुँवरले तातोपानी गाउँपालिकाको वडा नम्बर ७ मा सम्बोधन गरेकी थिइन् ।

माओवादी जिल्ला संयोजक नवराज न्यौपानेले तातोपानी गाउँपालिकाको वडा नम्बर ३ को सभामा सम्बोधन गरेका थिए। यसैगरी नेकपा माओवादी केन्द्रका वैकल्पिक केन्द्रीय सदस्य लक्ष्मीकन्या बुढाले हिमा गाउँपालिकाको वडा नम्बर १ को कार्यक्रममा सम्बोधन गरेकी थिइन् ।

त्यस्तै वैकल्पिक केन्द्रीय सदस्य चन्द्रविर तिरुवाले सिँजा गाउँपालिका वडा १ नम्बरको सभालाई सम्बोधन गरेका थिए। यसैगरी सिँजा गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले सिँजा गाउँपालिकाको वडा नम्बर ३ र तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाले तिला गाउँपालिकाको वडा नम्बर ७ मा सम्बोधन गरेका थिए। नेकपा माओवादी केन्द्रका अनुसार केन्द्रीय सदस्य, प्रदेश सदस्य, जिल्ला, गाउँपालिका र वडापालिकाका नेताहरु यस पटक वडा-वडामा खटिएका थिए ।

त्यस्तै जिल्ला इन्चार्ज नरेश भण्डारीले कनकासुन्दरी गाउँपालिकामा भएको कार्यक्रममाबाट बाघले अभियान थालनी गरेको बताए । उनले भने त्यो कार्यक्रममा धेरै भरोसा मानेर जनप्रतिनिधिसहित ५ सय ८२ जना माओवादीमा प्रवेश गरेका बताउँदै अबको भरोसाको पार्टी नेकपा माओवादी रहेको बताए । माओवादी जुम्लाका सह-इन्चार्ज गोमा गौतम कुँवरले सरकारका वेथितिविरुद्ध माओवादीले खबरदारी सभा आयोजना गरिएको बताइन् ।

माओवादी केन्द्र जुम्लाले पछिल्लो समयमा थालिएको रुपान्तरण अभियानसहित विभिन्न कार्यक्रम सक्रिय रुपमा लागेको हो । यसअघि माओवादीले पछिल्लो पटक कात्तिक ५ गते सिँजा क्षेत्रको कनकासुन्दरीमा पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड उपस्थित कार्यक्रममा बृहत जनसभा समेत सम्पन्न गरेको थियो ।

# चिनियाँ महासंघको टोलीद्वारा भक्तपुर अवलोकन

**भक्तपुर/मस-** प्रवासमा बसेर चीन फर्किएका प्रवासी चिनियाँ महासंघको प्रतिनिधिमण्डलले शुक्रबार भक्तपुरको ऐतिहासिक स्थल अवलोकन भ्रमण गरेका छन् । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महासंघका उपाध्यक्ष छङ स्युएयुआनको नेतृत्वमा आएको टोलीलाई भक्तपुर दरबार क्षेत्रको प्रवेशद्वारमा पुष्पगुच्छा, भादगाउँले टोपी, खादा र परम्परागत थैली प्रदान गरेर स्वागत गरेका थिए ।



नगर प्रमुख प्रजापतिले चिनियाँ नेताले भक्तपुरका कला, संस्कृति संरक्षणलाई अवलोकनका क्रममा विशेष ध्यान दिएको बताए । यस्ता भ्रमणले नेपाली जनता र चिनियाँ जनताबीचको सम्बन्ध अझ मजबुत हुने विश्वास व्यक्त गरे ।

महासंघका उपाध्यक्ष स्युएयुआनले सभ्यता र सँस्कृतिको आदान-प्रदानमार्फत दुई देशबीचको सम्बन्धलाई बलियो बनाउनुपर्ने बताउँदै भक्तपुर गहिरो साँस्कृतिक जग भएको कलात्मक सहर भएको उल्लेख गरे । उनले चीन-नेपालबीचको सम्बन्ध इतिहास जत्तिकै पुरानो रहेको स्मरण गरे ।

चिनियाँ टोलीमा महासंघका चु ल्यउ, लीन सियाओफान, चाओ रूओछन्, वाङ सङ हुई र चिनियाँ दूतावासबाट काउन्सिलर छिन वनछ्, वाङ तोङ, नेपाल प्रवासी चिनियाँ संगठनका अध्यक्ष चीन सियाओतोङलगायतको सहभागिता रहेको थियो ।

प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला संग्रहालय, स्वर्णद्वार, पचपन्न झ्याले दरबार, सिद्धिलक्ष्मी मन्दिर, सिलु महादेव मन्दिर र चतुर्ब्रह्म महाविहार अवलोकन गर्दै टौमढी क्षेत्रको पाँच तले मन्दिर, भैवनाथ मन्दिर, ग:हिटीको लक्ष्मी नरसिंह मन्दिर हुँदै तालाक्व क्षेत्रमा मृत्तिका कलाको पनि अवलोकन गरेको थियो ।

# गोरु तस्करी: कामदार पक्राउ, नाइकेप्रति मौन

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २९ कात्तिक

कपिलवस्तुमा बढ्दो गोरु तस्करीलाई नियन्त्रण गर्न लगातार कपिलवस्तु प्रहरी लागेको छ। कपिलवस्तुको वडा प्रहरी कार्यालय चन्द्रौटाको टोलीले पूर्व-पश्चिम राजमार्गमा ना ६ ख ३३४८ नम्बरको ट्रकलाई चेकजाँच गर्दा गोरुहरुलाई क्रूर यातना दिइरहेको अवस्थामा फेला पारेको वडा प्रहरी कार्यालय चन्द्रौटाले जनाएको छ ।

ट्रकमा २१ वटा गोरुहरुलाई अमानवीय तरिकाले बाँधेर राखिएको थियो। गोरुहरुको पुच्छर छतमा डोरीले बाँधेर




झुण्डाइएको, नाकमा डोरीले छेडेर रगत बगिरहेको र सिङबाट समेत रगत आएको अवस्था थियो। ट्रकमा त्रिपालले पूर्ण रूपमा ढाकेको हुनाले श्वासप्रश्वासमा अवरोध समेत भइरहेको थियो ।

पशुपन्छी प्रति यो क्रूर व्यवहारको कारण, ट्रकका चालक देब थोकर र सहचालक सुकलाल भोलनलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरुलाई जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट पशुपन्छी सम्बन्धी कसुर मुद्दामा अनुसन्धानको लागि सात दिनको म्याद थप गरी कारबाही जारी राखिएको छ। गोरु तस्करी गरी झापा सम्म पुऱ्याउने ट्रक चालक र सहचालक मात्रै प्रहरीको नियन्त्रणमा अहिलेसम्म आएको छ। गोरु तस्करीका मुख्य नाइकेहरुलाई कपिलवस्तु प्रहरीले अहिलेसम्म पक्राउ गर्न सकेको छैन ।

# कानूनको परिधिमा रही कार्यसम्पादन गर्न प्रधानसेनापतिको निर्देशन

**काठमाडौं/मस-** प्रधानसेनापति अशोकराज सिग्देलले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको परिधिमा रही कार्यसम्पादन गर्न कानून अधिकृतलाई निर्देशन दिएका छन्। नेपाली सेना प्राड विवाक स्थापनाको ६२औँ वार्षिकोत्सवका अवसरमा आयोजित चारदिने कानूनी गोष्ठी समापन कार्यक्रममा उनले कानून अधिकृतले आफूलाई प्राप्त जिम्मेवारी कानूनी मापदण्डभित्र रहेर सम्पन्न गर्नुपर्ने बताए ।

सेनामा कार्यरत कानुन अधिकृतको सैनिक न्यायप्रणाली तथा कानून कार्यान्वयनसम्बन्धी ज्ञान अभिवृद्धि गर्ने उद्देश्यका



साथ हरेक वर्ष उक्त गोष्ठी आयोजना हुँदै आएको छ । प्राड विवाकका महानिर्देशक उपरथी जीवनप्रसाद दाहाल, पूर्वप्रमुखहरू, नेपाल प्रहरी र महान्यायाधिवक्ता कार्यालयका प्रतिनिधि, उच्च अदालतका पूर्वन्यायाधीशलगायत विषयविज्ञबाट सम्बद्ध विषयमा प्रस्तुतीकरण भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

# गण्डकी प्रदेश सभा सदस्य विमला गौचनको निधन

**याग्दी/मस-** गण्डकी प्रदेश सभा सदस्य विमला गौचनको ६३ वर्षको उमेरमा निधन भएको छ ।

काठमाडौंको ग्राण्डी अस्पतालमा डेंगुको उपचारका क्रममा बुधबार राति उनको निधन भएको नेपाली कांग्रेस म्याग्दीका पूर्व सभापति तथा संविधानसभा सदस्य रेशमबहादुर बानियाले बताए ।

डेंगु बिरामी भएपछि उनी ग्राण्डी हस्पिटलमा उपचाररत रहेकी थिइन् । गौचनलाई गएराति १२ बजे हृदयाघात पनि भएको थियो । उनी नेपाली कांग्रेसबाट समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेश सभामा चुनिएकी थिइन् ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Maven Recruitment Services Pvt. Ltd. (**श्रम इजाजत पत्र नं. १०८१/०७३/०७४**) मा कार्यरत कर्मचारी **कृति कार्की, नागरिकता नं २४-०१-७७-०२७१५, घर गा.वि.स ठोकर्पा, वडा नं ४, सिन्धुपाल्चोक** यस कम्पनीमा नरहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै निजसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

Maven Recruitment Services Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Fax: 4494173
Email: mavenrs2017@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com

३० कात्तिक २०८१, शुक्रबार
15 November 2024, Friday

## सम्पादकीय

# गर्नैपर्ने बहस

पूर्व उपराष्ट्रपति नन्दकिशोर पुन पासाङ नेकपा माओवादीको सचिवालय बैठकमा सहभागी भएर पार्टीमा भूमिका खोजेको सूचना सार्वजनिक भएको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकै निवासमा बसेको पदाधिकारी बैठकमा पूर्व उपराष्ट्रपति पुन सहभागी भएको र भूमिका मागेको सूचनाबारे थप खण्डन सुनिएको छैन । यसबाट पूर्व उपराष्ट्रपति पुनले फेरि राजनीतिमा सक्रिय हुने मूड बनाएको बुझ्न सकिन्छ । उपराष्ट्रपति बन्नुअघि उनी नेकपा माओवादीका शीर्ष नेता हुन् । माओवादीले सञ्चालन गरेको दश वर्षे सशस्त्र जनयुद्धका कमाण्डर पुन संविधान सभाबाट संविधान जारी भएपछि उपराष्ट्रपति बनेका थिए । २०७९ फागुनमा उपराष्ट्रपतिको कार्यकाल पुरा भएपछि सम्मानित भूमिका सहित उनी बसिरहेका थिए । तर एकाएक माओवादीमा सक्रिय हुने संकेत पूर्व उपराष्ट्रपति पुनले देखाएका छन् ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पनि राजनीतिक सक्रियताबारे चर्चा हुँदै आएको छ । आफूलाई राष्ट्रपतिसम्म बनाउने पार्टी नेकपा एमालेभित्र भण्डारीको भूमिका कार्यकारी नै देखिन थालेको छ । विभिन्न संवैधानिक नियुक्ति, पार्टी पदाधिकारी चयनदेखि मन्त्रिपरिषद् बिस्तार गर्दा समेत भण्डारीले आफ्नो कोटा लिने गरेका छन् । पछिल्लो समय सार्वजनिक अन्तर्वार्ता दिएरै एमालेकै अध्यक्ष बन्ने संभावना रहेको बताउन थालेका छन् । राष्ट्रपति बनिसकेको व्यक्ति फेरि पार्टीको अध्यक्ष भएर सक्रिय राजनीति गर्ने कुराबारे सार्वजनिक वृत्तमा बहस हुँदै आएको थियो । राष्ट्रपति पद संवैधानिक हुने, तर मूलुकको सर्वोच्च संस्था हुने भएकाले यसप्रति हुने चासो र बहस नौलो होइन । तर अब पूर्वराष्ट्रपति मात्र नभएर पूर्वउपराष्ट्रपति पनि सक्रिय राजनीतिमा आउने सूचना सार्वजनिक भएको छ ।

भण्डारी र पुन एकैपटक राष्ट्रपति र उपराष्ट्र थिए । त्यसअघिका राष्ट्रपति र उपराष्ट्रपति सामाजिक क्षेत्रमा मात्र सक्रिय छन् । त्यसकारण उनीहरूका बारेमा छलफल आवश्यक परेको थिएन । तर विद्या र नन्दकिशोरको चाहनाले अलग बहसको माग भइरहेको छ । संवैधानिक भूमिकामा रहेकाले फेरि सक्रिय राजनीतिमा सक्रिय हुँदा त्यसको असरबारे चिन्ता भइरहेको छ । हुनपनि संवैधानिक पदहरूमा राजनीतिक भागबण्डाका आधारमा नियुक्ति हुँदा समेत राज्य सञ्चालन निष्पक्ष हुन नसकिरहेको टिप्पणी हुने गरेको छ । अझ राष्ट्रपति र उपराष्ट्रपति भइसकेका व्यक्तिहरू सक्रिय राजनीतिमा फर्कदा त्यसको असर पर्ने नै भयो । त्यसैले यो विषयमा आवश्यक बहस गरिनु राम्रो हुन्छ, जसले आगामी दिनमा नजीरको काम गर्नेछ ।

# ऊर्जामैत्री भवन निर्माणमा नीतिगत प्रस्थान

अग्रलेख



● कृष्ण अधिकारी

जाडोयाम शुरु हुन लागेसँगै चिसोबाट बच्न घर, कार्यालय वा अन्य व्यावसायिक भवनहरु तातो राख्न ऊर्जाको खपत बढी हुने गर्दछ । जलवायु परिवर्तनका कारण वर्षेनी गर्मीमा अत्याधिक गर्मी र जाडोमा पनि निकै जाडो हुने क्रम बढ्दै गर्दा जननीवन कष्टकर हुने गरेकाले मानिसले अधिकांश समय बिताउने घर, कार्यालय वा व्यावसायिक भवनहरु जलवायुमैत्री हुनुपर्ने आवश्यकता महसुस हुन थालेको छ ।

विश्वव्यापी रुपमै यस्ता जलवायुमैत्री तथा हरित भवनहरुको निर्माण हुने क्रम बढेसँगै नेपालमा पनि यसतर्फ ध्यान दिनु जरुरी ठानिएको छ । नेपालमा नमूनाको रुपमा केही भवनहरु निर्माण भए पनि अझै सरकारी तर्फबाट आवश्यक नीतिगत व्यवस्था, संस्थागत संरचना र जनस्तरमा प्रचारप्रसारको अभावमा त्यस्ता भवनहरुको निर्माण हुन सकेका छैनन् । अजरवैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन भइरहँदा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै सहज जीवनयापनमा विश्वका लागि ऊर्जामैत्री भवन निर्माणका बारेमा पनि बहस हुन आवश्यक छ । दिगो विकास लक्ष्य अनुरुप न्यून कार्वन उत्सर्जनका लागि यो भरपर्दो माध्यम हुने भएकाले विज्ञहरु नीतिगत व्यवस्थाका लागि ठोस निष्कर्षमा पुग्ने अपेक्षा गरिएको छ ।



सामान्यतः एकपटक निर्माण गरिएका घर कम्तीमा एक पुस्ताभन्दा बढीले उपभोग गर्ने हुँदा त्यस्ता स्थायी संरचना निर्माण गर्दा जलवायु अनुकूल बनाउन आवश्यक हुन्छ । भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकूल हुनुपर्ने कानुनी व्यवस्था रहे पनि त्यससँगै जलवायुमैत्री बनाउनेतर्फ पनि ध्यान दिन उत्तिकै आवश्यक रहेको विज्ञहरुको भनाइ छ । गोरखा भूकम्पपछि भवन संहिताको कार्यान्वयनतर्फ ध्यान गएपनि त्यसपछि निर्माण गरिएका सरकारी, निजी वा व्यावसायिक भवनहरु जलवायुमैत्री नहुँदा बस्नयोग्य देखिँदैनन् । तराई, पहाड र हिमाली क्षेत्रमा निर्माण गरिएका भवनहरु एकैखालका हुँदा स्थानीय जलवायु अनुकूल नभएकाले भवनभित्रको तापक्रम अनुकूल नभएको मात्र होइन, उज्यालो र कोठा तताउन दाउरा, विद्युतीय वा एलपी ग्यास प्रयोग हुने हिटर, एसी वा चिस्याउन एसी, कुलर आदिको अधिक प्रयोग गर्नुपर्ने अवस्था छ ।

### स्थानीय तह अगाडि

